**डा राम चन्द्र भुजेल, बरिस्ट बैज्ञानिक र संयोजक, AIT, बैंकक, थाइलैंड सगको वार्तालाप!**

डा भुजेल एक अन्तरस्त्रिया Expert को रुपमा बिभिन्न देशमा आफ्नो ब्याबसिक मत्स्य पालन Technology Expansion को लागि घुम्नु हुन्छ, उहाँले अहिलेसम्म ३० देशजतिमा कामको सिलसिलामा घुम्नुभएको छ, र सयों देशका मान्छे ले उहान्लाई चिन्दारहेछं. AIT बेस भएर Vietnam मा पनि पढ़उनु हुन्छ, बंग्लादेश, लाओस, कम्बोडियामा, भारत, जाम्बिया आदि देशहरुमा प्रोजेक्ट लाउंच गर्नु हुन्छ! १९९९ मा PhD AIT बाट र Post-doc Stirling University, स्कॉट्लैंड बाट सन २००१-२००२ गरि उहाँ AIT मा अनबरत रुपमा रही बिभिन्न देसको लागि काम गर्नु हुन्छ! FAO जस्तो UN को लागि पनि कहिले कहिले काम गर्नु हुन्दो रहेछ! तेस्तै उहाँ World Aquaculture Society को Asia Pacific Chapter को डाइरेक्टर पनि चुनिनु भएको छ! उहाँले २-३ ओटा किताब जस्तै Statistics for Aquaculture by Blackwell Science' र १०० जति scientific article हरु प्रकासन गर्नुभएको छ! तेस्तै गरि बेदेशि सरकारी र कंपनीका मेनेजर हरुलाई तालीम दिने अनि बिदेशी बिद्यार्थीहरु खासगरी यूरोप, अमेरिका र ऑस्ट्रेलियाबाट interns को रुपमा एशिया मा ल्याउने र guide गर्नुहुन्छ! सुनौ उहाँ का कुरा!

**तपाईं थाईलैंड जानुभएको कति भो?**

१५ बर्ष भन्दा बेसी भो!

**नेपालमा घर कहा होला?**

लमजुंग, रागिनास्टर

**उमेर कति ? भन्न मिल्छ?**

चालीस वर्ष नाघिसकें, धेरैले पत्यौंदैनन, तेस्करण फूलेको कपाल नरंगाएर तिल चामले नै राखेको छू! कपाल फूलेको देखेपछि, अलि पाको, अनुभवी जस्तो लाग्छरे! पक्का Consultant जस्तो देखिन्छ रे!

**जीवन के हो?**

संग्घर्शमय, सधैं नया कुरा सिक्ने र सिकाउने लामो यात्रा हो! मैले जिएको जिवनले तेहि भन्छ।

**सानो छदा तपाईं कस्तो हुनुहुन्थ्यो ?**

एकदम शान्त, धेरै नबोल्ने! अलि सोचेर बोलने!

**स्कूलमा पढ्दानि? के fail पनि हुनुभयोकि?**

खै नभनौं कि भनेको, तपाईंको यो प्रस्नले, भन्ने पर्ने भयो. स्कूलमा पढ्दा दोस्रोभएको एउटामात्रै रिकॉर्ड होला! त्यों 9th grade मा हो जब मैले स्कूल change गरें लम्जुंग बाट Gandaki Boarding, पोखरामा सरेको बर्ष. SCL मा भने बोर्ड मा त परिन, तर स्कूल चाही टप मार्क नै आयेछ!

**PhD डा नभएको भए?**

कन्डक्टर पक्कै हुन्नथे, स्कूल टीचर थिएं, साएद तेहि नै भएर बसथे होला!

**पढ्नुमात्र भयो कि खेल पनि? कुनै मनपर्ने खेल?**

मेरो घर लम्जुंग, गोरखा, र तनहूँ को सिमानामा! सानो छदा चेपे र मर्स्यान्ग्दिमा खूब पौड़ी खेलियो हेर्नुस, समझाना आईरहन्छ, अहिले साथिहरु Swimming pool जौं भन्छन आफुलाई त्यों आँखे लाग्दैन! त्यों सानो पोखरीमा के स्वाद! तैपनि पनि कहिले कहीं पौड़ी खेल्छु, भलिबल, badminton, फूटबल खूब खेलियो. अब त समयले नै भ्यौन्दीन!

**फिल्म हेर्नु हुन्छ?**

खै मैले धेरै पहिले साथिहरु संग ८-१० ओता हेरियो होला, तर १५ बर्ष भयो पूरा २-३ घंटा बसेर फिल्म हेर्नु भनेको समय बर्बाद गर्नु हो जस्तो लाग्छ, किन भने, फिल्म भनेको बनोटी, acting न हो जस्तो लाग्छ. बरु यो संसारमा real फिल्म हेर्न एसो बहिर गए, कोही रोएको, हतार हतार गरेर हिडेको, झगडा गरेको, पेटिमा सुतेको, सबै देखिन्छ, प्राय ठूला सहरमा र गाउँमा त्यों नै हेर्न लायेक हुन्छ र तेस्को आधारमा तिनको भलाईको लागि प्रोजेक्ट लेख्दा, समय बितेको थाहा नै हुन्न! प्रोजेक्ट लेख्ने भनेको planning, designing, implementing, सबै पर्छ! अझ एउटा देश मात्र होइन धेरैको context बुझ्नुपर्ने हुन्छ! सानो संसार नै चलाउने हो!

**येतिका बर्स थाइलैंडमा बसेर के पाउनुभयो त?**

मैले धेरै चीज पायें। म पाहिले scholarship मा MSc को लागि आयें, PhD गरें! अनि काम र दाम सबै ठीकै छ, मुख्य कुरो मैले ढूक्क भएर काम गर्ने बाताबरण पायें, तेसैलेनै येसरी चिनिने र घुमने मौकापयें, देस्लाई पनि चिनैरहेको छू! मेरो पासपोर्ट नेपालीनै छ! तेस्करण मेरो नसा नसामा नेपाली रगत छ, खल्तीमा मैले नेपाल (पासपोर्टको फॉर्ममा) नै बोकिरहे को हुन्छु! कहिले कहिले दुःख पाइन्छ पनि बिदेस

भ्रमण गर्दा, शंका गर्छन, तर राम्रै तयारी साथ हिडछु, तेस्तो धेरै ग्लानी / दुःख छैन! बिदेस्मा परिचय गर्दापनि 'Please don't get confused, I am from Nepal but work in Thailand' भन्छु.

**तेसो भए नेपालमा नाफर्कने?**

साथीभाई र परिवार अनि भेटेका जति सबै जसोले यो प्रश्न गर्छन। म गंभीर हुन्छु! अनि भन्छु, हेर्नुस, म नेपालमा हरेक बर्ष जान्छु/ कुनै बर्स त ४ चोटि पनि पुग्छ/ सन २००० देखि प्रोजेक्ट लगेको छू. हाम्रो माछा पालन सम्बन्धी प्रोजेक्ट (Women in Aquaculture) ले चितवन, नवलपरासी, लम्जुंग, गोरखामा ३०० - ४०० परिबार लाभान्वित भएका छन! तेतिमात्र कहाँ होर रामपुर क्याम्पसमा माछापलान्को MSc program को लागि धेरै सहयोग गरेको छू, EU को प्रोजेक्ट ल्याएर! मलाई लाग्छ यदी म नेपाल जान्छु र देसको सेवा गर्छु भनेर पढाई सकेर फर्केको भए मैले अहिले गरेको काम गर्न सक्दैन थिए भन्ने लाग्छ र मलाई गौरबनै लाग्छ एउटा लम्जुंगमा जन्मेर देसको लागि बिदेस्मा बसेरपनी यस्तो गर्न सकिंदो रहेछ/ बिदेशमा बसने १०% मात्रैले पनि यसरी गर्न सके धेरै हुन्थ्यो जस्तो लाग्छ. तर अहिले चाँही जाऔं कि जस्तो लागेको छ. अन्तरस्त्रिया कामको अनुभवलाई देस बिकस्मा किन नलागौने भन्ने मनमा कुरा उठ्छ! हेर्दै छू समयले मानिसलाई कहाँ कहाँ पुर्यौन्छ! अर्कथारी साथिहरु भन्छन Canada, New Zealand, Australia, UK, USA किन नगएको भन्छन, तर मलाई राम्रै अनुभव र ज्ञान छ, ती देस्हरुमा बास्ताबिकता के छ भनेर! कम्तिमा पनि एशिया मा रहेर एशिया (नेपाल पनि पर्छ) कै लागि काम गर्न सक्यो भने किन बिकसित देस्मा जानू पर्यो भन्ने गरेको छू! मैले बास्तावमा UK र USA को Offer छोड़ेकई हो!

**भाविस्यको प्लान के छ?**

मेरो आधा भन्दा बढ़ी समय प्रोजेक्ट proposal लेखनमा नै खर्च हुन्छ, अनि नेपाल तेस्मा एउटा पार्टनर देश परिहल्छ! अहिले म्यानमार (Burma) मा प्रोजेक्ट लाने सूर छू! नेपालमा मेरो एउटा चाहना केछ भने, मैले सुरु गरेको प्रोजेक्ट, देसभारिनै लाउंच गर्ने र नेपालमा मछाको उत्पादन येती धेरै होसकी सबै छेलो खेलो होस र हरेक परिबारले कम्तिमा पनि हप्तामा दुई छोटी माछा खान पायुन, जसले गर्दा malnutrition, बच्चा हरुमा stunting र अकालमा मृत्यु नहोस!

**पश्चात्ताप कहिले गर्नुभएको छ?**

मलाई पश्चताप छैन जिंदगी मा, जे भयो भयो पीर गरेर हुन्न,बरु सोचेर बुजेर पाइला चाल्नुपर्छ भन्छु, तेसी गर्छु! मैले धेरै पटक मेरो जिन्दगीलाई Challenge को रुपमा डोर्यएको छू! कसैले पनि challenge नालिनेहो भने केही नया कुरै बन्देंन, यो संसार अगाड़ी move नै हुँदैन!

**देसको राजनितिमा कत्तिको चासो राख्नु हुन्छ?**

अलि बढ़ीनै, हामी जस्ता technical माम्छेले नालिंदा पनि हुन्थ्यो जस्तो लाग्छ तर घरमा, अफिस्मा २४ सै घंटा इन्टरनेट छ, छीन छीनमा समाचार पढने बानी परेको छ! घरमा त नेपाली TV चानेल पनि हेर्छु! पोलिटिकल deadlock र कहिले कही लोक गीत सुन्दा, तेस्तो शान्त र सुन्दर नेपाल किन यो भङ्भैलो भैराखेको छ भनेर मन रुन्छ. अझ गुर्गम छेत्रको दुःख र भोक्मारी देख्दा त आँखाबाट आंशु झर्छ,

**तपाईंलाइ कस्तो लाग्छ देसको हालत सुन्दा, देख्दा?**

म OPTIMISTIC छू, सबै समयको माग अनुसार ठीक हुँदैन जान्छ! लिदरहरू जति झगडा गरेपनी आखिर देस बनाउन भनेर लागेका हुन, अन्तिम्मा सबै मिल्छन! मिल्नुपर्छ! Facebook मा मैले "Think Tank for New Nepal" ग्रुप create गरेको छू, हेर्नोस (http://www.facebook.com/#!/groups/267417359940824/) तेस्मा मैले देखेको, मनमा लागेको समसामयिक बिसयेमा लेक्छु, अरु देसको उदहारण दिन्छु! बिदेस्मा भएपनि idea दिन boarder ले रोकदैन, ३०० जति मेम्बर बनेको छू, यो निरंतर बढ्दाउन्छु!

**सोच्नोस तपाईं प्रधानमन्त्री हुनुभए कसरी देस बिकास गर्नु हुन्छ?**

सबैभन्दा ठुलो रोग मानसिक हो! मेरो मतलब के हो भने हामी मनले नै गरीब रहेछौ. देसको धन भनेको जनता वा human resource रहेछ! खानी छ, बन छ, सागरमाथा छ, नदी छन, ताल छन तर हामीले तिनलाई उचित बेबस्थापन गर्न सकेका छैनौं जस्तो लाग्छ, तिनलाई कसरी उपयोगमा ल्याउने smart ideas को खांचो छ, अनि हरेक छेत्रमा निस्वार्थी लीडरको खांचो छ! तेस्करण मैले जहाँ जहाँ मौका मिलेको छ र मिल्छ साथिहरुलाई encourage गर्नेगरेको छू, बिभिन्न देसको उदहारणदिएर, हामी कहाँ छौं अरु देसको तुलनामा, भनेर दाजेर देखाउन्छु! अर्को नेपालको प्रगति हुन नदिने मुख्य रोग भ्रष्टाचार हो, अल्छिपना हो! राम्रो काम गर्ने र खटनेलाई हौसला! काम गर्न नाजान्नेलाई तालीम को बेवस्था गरेर सुधरने मौका दिने बेबस्था मिलौने. गल्ती नजानेर हुन्छ प्राय, तर जानी जानी अटेर गर्नेलाई मात्रै सजाया दिने! देसको लीडरले vision दिने हो, एकदम स्पिरिट भएको टीम बनाउने हो हरेक छेत्रको लागि निस्वार्थी बिग्यहरुकोको रायमा policy बनाउने हो! तेसपछि देश बिकाशको गाड़ी हाक्ने हो रफ्तारमा! तेस्मा सबैलाई समेटन खोज्नेहो! येसरीकी एउटा झाड़ू लगाउनेले पनि मैले यो काम देशको लागि गर्दैछु भन्ने सोचोस, एउटा किसानले पनि उसले परिबार पल्नको लागि मात्र नभएर देशको लागि केही खान्धान्न उत्पादन गर्दै छू भन्ने सोचोस, अनि एउटा ब्यापरीले पनि आजै कमाऊ, अरबपति बनू भन्ने नसोचोस कि, आत्मे देखि जनताको सेवा हुने गरि ethical business, गरोस जसले गर्दा जनताले पनि ब्यापरिले Service पुर्यएको छ भन्ने सोचुन! अनि हरेक आमाहरुले आफ्नो बच्चाको पालन पोसन गर्दा उनले

देसको लागि सच्चा नागरिक उत्पादन गर्दैछु भन्ने सोच्नसकने बबुन भन्ने मा चाहन्थे! 'Everyone feels like an important part and contribute to achieve the national goal" - only then a dream of new Nepal will come true ". अनि सबै तह र तप्का, जाति, भासा, छेत्रकाले म नेपाली हूं भनी गर्ब गर्न सकोस र देश बिकसको लामो यात्रामा हृदयादेखिनै सरिक होवोस. देसले मागे सर्बस्वो दिन तयार हुने जनता मानसिक तवारले नै तैयेर हुने बाताबरण सृजन गर्न उत्प्रेरित गर्ने मेरो प्रयास हुनेथियो. अहिलेको परिप्रेक्ष्यामा कृषी, tourism, hydropower, infrastructure आदी priority मा राख्नु पर्छ. राम्रो योजना भये रकम जुटने अवस्था छ! कम्तिमा पनि नया र ठुलो एअरपोर्ट बनाउने, रोड फराकिलो बनाउने, satelite काठमांडू बहिर बनाउने, खाने पानीको लागि rainwater collection सिस्टमको promote गर्ने गर्नु पर्छ! योजना बनौन्दा, १० बर्षको मास्टर प्लान वा कम्तिमा ५ बर्षको मीडियम टर्म अबधिलाई ख्यालमा राखेर बनाउने.

**अन्त्यमा केही भन्न चाहानु हुन्छकी!**

हाम्रो नेपालमा ब्यापक निरासा छ, पोलिटिकल unstability को कारणले! म के भन्न चाहन्छु भने, सबैले आ आफ्नो ठौबाट, तह बाट गर्न सकने गरिराखुं, धेरै अपेक्च्य पनि गर्नु हुन्न. संबिधान अहिले आए पनि नआयेपनि, क्रिशाक्लाई के नै फरक होला र! कृषी को काम गर्ने पर्छ, पढ्रेले पढने पर्छ, पढौनेले पढ़उनु पर्छ! कसैले पनि छलकपट र ठूला गफमात्र नगरी दत्त चित्त भएर काम गर्यो भने न देस बिकास हुने हो! हामीले हेर्नुपर्छ, मनन गर्नुपर्छ, कुनै हाम्रा पुर्खाले, हामिजस्तई मान्छेले दुःख गरेर साइकिल बनैदिये, हामी चालौन्छौं, कार आबिस्कार गर्यो हामी कुदौन्छौं, जेट बनैदिये हामी मजाले उड़ना पायौं! तेसरिने देस पनि तेस्तै हो, कहाँ बाट कह्रा ल्याएका छन, कति दुखले देश बचाय हाम्रा पुर्खाले, हामीले केही गरेनौ भने भावी संततिले धिक्कार्छ, देस्लाई माथि लागेनाऊ भने हामी बंचेको के सार भनेर भन्छ! यो संसारको कुनै पनि कुनामा बस्नेले चाह्यो भने हेल्प गर्न सक्छ, खली नेपालमा बसे देसको सेवा हुने नबसे बिर्स्यो भन्ने कुरा गर्नुभायन !

**धन्यवाद!**